# भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ | संख्याः १९ | मितिः २०७४/१२/१८

भाग-२

भूमे गाउँपालिका


## भूमे गाउँपालिकामा विभिन्न पदहरुको स्थायी/अस्थायी/ करार सेवामा पदपूर्तिको लागि सञ्चालन गरिने परीक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७४

*गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७४/१०/१२*

**प्रस्तावनाः** भूमे गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा विभिन्न पदमा स्थायी/अस्थायी/करार सेवामा पदपूर्तिको लागि सञ्चालन गरिने परीक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड बनाउन बाञ्छनीय भएकोले भूमे गाउँ कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "भूमे गाउँपालिकामा विभिन्न पदहरुको पदपूर्तिको लागि सञ्चालन गरिने परीक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७४" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "पदपूर्ति समिति" भन्नाले गाउँपालिका अन्तर्गतका विभिन्न पदहरुमा स्थायी वा अस्थायी वा करार सेवामा पदपूर्तिको लागि गाउँ कार्यपालिकाको निर्णयानुसार गठन हुने समितिलाई जनाउँछ ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले भूमे गाउँ कार्यपालिकालाई जनाउँछ ।

(ग) "गाउँपालिका" भन्नाले भूमे गाउँपालिकालाई जनाउँछ ।

## परिच्छेद २

## सेवा सुविधा सम्बन्धी व्यवस्था

**३. परीक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी व्यवस्थाः**(१) लिखित परीक्षामा सञ्चालनको परीक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा देहाय बमोजिम हुनेछः

| क्र.सं. | पद/जिम्मेवारी | सुविधा (प्रति सिफ्ट) |
|---|---|---|
| (क) | केन्द्राध्यक्ष (रा.प. वा सो सरह) | रु.१०००।- |
| (ख) | सहायक केन्द्राध्यक्ष (रा.प.अनं. प्रथम वा सो सरह) | रु.८०० ।- |
| (ग) | निरीक्षक (रा.प. अनं. द्वितीय वा सो सरह) | रु.५००।- |
| (घ) | सुरक्षाकर्मी | रु.३००।- |
| (ङ) | कार्यालय सहयोगी | रु.३००।- |

(२) खण्ड (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदि कुनै कर्मचारीलाई छ कोष वा सोभन्दा टाढाबाट आउने गरी खटाइएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमणभत्ता वापतको रकम उपलब्ध गराइनेछ ।

(३) उम्मेदवारहरुको अन्तरवार्ताको लागि खटिने कर्मचारीको सेवा सुविधा देहाय बमोजिम हुनेछः

| क्र.सं. | पद/जिम्मेवारी | सुविधा (प्रति सिफ्ट) |
|---|---|---|
| (क) | संयोजक (राजपत्राङ्कित वा सो सरह) | रु. १००० |
| (ख) | सदस्य/विषयविज्ञ | रु.८५० |
| (ग) | सहयोगी कर्मचारी (ना.सु. वा खरिदार वा सो सरह) | रु. ५०० |
| (घ) | सुरक्षाकर्मी र कार्यालय सहयोगी | रु. ३०० |

स्पष्टिकरणः "प्रति सिफ्ट" भन्नाले बढीमा तीन घण्टाको समयलाई बुझाउनेछ ।

(२) खण्ड (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदि कुनै कर्मचारीलाई छ कोष वा सोभन्दा टाढाबाट आउने गरीखटाइएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमणभत्ता वापतको रकम उपलब्ध गराइनेछ ।

**४. उम्मेदवारको लिखित परीक्षाको पश्नपत्र निर्माण र उत्तरपुस्तिका जाँच गर्ने परीक्षकको सुविधाः**(१) उत्तरपुस्तिका जाँचको लागि राजपत्राङ्कित वा सो सरहको कर्मचारीलाई खटाइनेछ । राजपत्राङ्कित वा सो सरहका कर्मचारी उपलब्ध नभएमासहायकस्तर (रा.प.अनं. द्वितीय सरह)को उत्तरपुस्तिका जाँच गर्न रा.प.अनं. प्रथम श्रेणीको कर्मचारीलाई खटाउन सकिनेछ ।

(२) प्रश्नपत्र निर्माण गर्ने स्रोत व्यक्तिलाई प्रति प्रश्नवस्तुगत भए रु. १०००।-र विषयगत भए रु. ५००।- उपलब्ध गराइनेछ ।

(३) उत्तरपुस्तिका जाँच गर्ने परीक्षकलाई प्रति उत्तरपुस्तिका विषयगत भए रु. ५० र वस्तुगत भए रु. २५ उपलब्ध गराइनेछ।

**५. पदपूर्ति समितिमा रहने पदाधिकारीहरुको सुविधाः**(१) पदपूर्ति समितिमा रहने पदाधिकारीहरुले नियमानुसारको बैठक भत्ता वापतको रकम प्राप्त गर्नेछन् ।

६. **यसै बमोजिम भएको मानिनेः**(१) यो मापदण्ड बन्नुपूर्व पदपूर्ति सम्बन्धमा भएका कार्यहरु यसै बमोजिम भएको मानिने र यसै मापदण्ड अनुसार सुविधा दिएको मानिनेछ ।

**आज्ञाले,**

**चन्द्रसिंह श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**